# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७८

उदयपुरगढी गाउँपालिका,

उदयपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७८/७९

च.नं. २२२

मितिः २०७८/५/४

श्री अध्यक्ष ज्यू,
उदयपुरगढी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
उदयपुर।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तह का सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजू उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तह का प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तह को वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं.: २२१

मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
उदयपुरगढी गाँउपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
उदयपुर ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले उदयपुरगढी गाँउपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।३१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २७ यसैसाथ संलग्न छ ।
२. लेखापरीक्षणबाट रु. ९८ लाख ४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १० लाख १८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १७ लाख ३९ हजार, नियमित गर्नु पर्ने रु. ६९ लाख ३३ हजार र पेश्की बाँकी १ लाख १४ हजार रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np website : www.oagnep.gov.np
“जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था”

## लेखापरीक्षण प्रतिवेदन

## २०७६।७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ८ वडा, ४२ सभा सदस्य, २४१.८ वर्ग किलोमिटर क्षेत्रफल तथा ३०७८० जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चित कोष** – आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय  हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

पालिकालाई एकिकृत वार्षिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म ले प फा नं २७२) अनुसार पालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

**आर्थिक कारोबारको स्थिति**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५८३९३७४२८ | ५७०२३८५१५.४ | १५३२४८३७ | ५८५५६३३५२.४ | | | |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४७९६३६४२८ | ४६१७८१२२९.९ | १५३२४८३७ | ४७७१०६०६६.९ | ० | ० | 0 |
| ११००० कर | 11 | १०९५८७००० | ९०६३०७६१.९३ | ० | ९०६३०७६१.९३ | ० | ० | 0 |
| १३००० अनुदान | | ३६८१८५२३७ | ३६९०७४१९९ | १५३२४८३७ | ३८४३९९०३६ | ० | ० | 0 |
| संघीय सरकार | 12 | ३६०९४२२३७ | ३२७२८८९३० | १५३२४८३७ | ३४२६१३७६७ | ० | ० | 0 |
| प्रदेश सरकार | 12 | ७२४३००० | ३९७०९००० | ० | ३९७०९००० | ० | ० | 0 |
| अन्तरिक श्रोत | | ० | ० | ० | ० | ० | ० | 0 |
| १४००० अन्य राजस्व | | १८६४१९१ | २०७६२६९ | ० | २०७६२६९ | ० | ० | 0 |
| ३३००० दायित्व | | ० | ० | ० | ० | ० | ० | 0 |
| ख. अन्य प्राप्ति | | १०४३०१००० | १०८४५७२८५.५ | ० | १०८४५७२८५.५ | | | |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | 0 |
| प्रकोप व्यावस्थापन कोषहरु | 15 | १०९८५००० | १०९८५००० | ० | १०९८५००० | ० | ० | 0 |
| धरौटी | 15 | ० | १५१५८७२.३९ | ० | १५१५८७२.३९ | ० | ० | 0 |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम( को ले नि का बाट निकाशा भएका रकम) | 16 | ९३३१६००० | ९५९५६४१३.१ | ० | ९५९५६४१३.१ | | | |
| भुक्तानी (ग+घ) | | ६६७५७४४०० | ५८६०६९३५५ | ९९५५४५८ | ५९६०२४८१३ | | | |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५६२५०११९१ | ४७८५१०१९१.९ | ९९५५४५८ | ४८८४६५६४९.९ | ० | | |
| २१००० पारिश्रमिक / सुविधा | 18 | १६५१०१००० | १४२७७८४७४.९ | ० | १४२७७८४७४.९ | ० | ० | 0 |
| २२००० मालसामान तथा सेवाको उपयोग | 18 | १८५३३१८९१ | १३१७७३९६१ | ५२८१८०९ | १३७०५५७७० | ० | ० | 0 |
| २५००० सहायता (Subsidy) | 18 | १७०००० | १५०००० | ० | १५०००० | ० | ० | 0 |
| २६००० अनुदान | 18 | ० | ० | ० | ० | ० | ० | 0 |
| २७००० सामाजिक सुरक्षा | 18 | ० | ० | ० | ० | ० | ० | 0 |
| २८००० अन्य खर्च | 18 | २६५०००० | २३३५६०३ | ० | २३३५६०३ | ० | ० | 0 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | 18 | २०९२४८३०० | २०१७७८९७५.७ | ४६७३६४९ | २०६४५२६२४.७ | ० | ० | 0 |
| कर कट्टी दाखिला गर्न बाकी | | | -३०६८२२.७२ | | -३०६८२२.७२ | ० | ० | 0 |
| घ. अन्य भूक्तानी | | १०५०७३२०९ | १०७५५९१६३.१ | ० | १०७५५९१६३.१ | | | |
| प्रकाप व्यावस्थापन कोषहरु | | १०९८५००० | १०९२०६६३ | ० | १०९२०६६३ | ० | ० | 0 |
| धरौटी | | ० | ९१७६९५ | ० | ९१७६९५ | ० | ० | 0 |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम( को ले नि का बाट निकाशा भएका रकम) | | ९३३१६००० | ९५१८४२०४.१ | | ९५१८४२०४.१ | | | |
| सडक वोर्ड बाट प्राप्त | | ७७२२०९ | ७७२००० | ० | ७७२००० | | | |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२३५३९९ | | -२३५३९९ | | | |
| धरौटी खातामा आम्दानी बाध्न बाकी | | | ० | | | | | |
| प्रदेश सरकार अनुदान फिर्ता गर्न बाकी रकम | | | | | | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | -१५८३०८३९.५८ | ५३६९३७९ | -१०४६१४६०.५८ | | | |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १०३६४३३४५.८ | | १०३६४३३४५.८ | | | |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ० | ८७८१२५०६.२६ | ५३६९३७९ | ९३१८१८८५.२६ | | | |
| वैंक तथा नगद बाकी | 24 | | ८७८१२५०६.२६ | | ९३१८१८८५.२६ | | | 0 |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>लेखापरीक्षण को दौरानमा देहाय बमोजिम असुली भएको भौचर पेश भएको छ ।
<table>
<tr><td>सि. नं.</td><td>व्यहोरा</td><td>रकम</td><td>सञ्चीत कोष</td></tr>
<tr><td>१</td><td>गत बर्षको फिर्ता</td><td>५०००००</td><td>प्रदेश सञ्चित कोष</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी भए पश्चात रु. ४५४७५ असुल भई विभिन्न सञ्चित कोषमा दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td></td><td>वित्तीय विवरण विश्लेषण</td><td></td></tr>
<tr><td>१.</td><td>वित्तीय विवरण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्
<ul>
<li>स्थानीय तहले सञ्चित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र सञ्चित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।</li>
<li>लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।</li>
<li>कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक पाइयो ।</li>
</ul>
त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>आर्थिक कारोबार – यस पालिकामा यस वर्ष रु.५८५५६३३५२ आय भएकोमा २०७७ असार मसान्त सम्म रु ५९६०२४८१३ खर्च भई रु.१०४६१४६०ऋणात्मक मौज्दात रहेको छ। गत वर्षको मौज्दात समेत बर्षान्तमा सञ्चित कोष र अन्य कोष रु.९३१८१८२२ मौज्दात रहेको देखियो।</td><td></td></tr>
<tr><td>३.</td><td>आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।
<ul>
<li>आन्तरीक लेखापरीक्षण गराएको देखिएन ।</li>
<li>आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएन ।</li>
<li>वडाहरु र पालिका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा ( विउ विजन खरीद,औषधी खरीद, कृषि सामान खरिद ,पशु खरीद सोलार खरिद, फर्निचर खरिद र भौतिक निर्माणसमेत ) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन।</li>
<li>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत</li>
</ul></td><td></td></tr>
</table>

तथ्यांक संकलन, अभिलेखाङ्कन  र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा एकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको देखिएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको पाइयो ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री  मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली

| | | | |
|---|---|---|---|
| | वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समितिहरु सो ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ बमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• कार्यालयले निजामती सेवा ऐन २०४९ अनुसार तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी दिनु पर्नेमा सो गरेको देखिएन<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा उपाध्यक्ष श्री सानु कुमारी राउतले मिति २०७६।४।११ गते रु. ५६३६४८००० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।४।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |

५. **चौमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|
| | प्रथम चौमासिक | दा□स्रो चौमासिक | तेस्रो चौमासिक | □आषाढ महिना |
| २०२२१६६८३ | २८१६६७५८ | ४१११६२३९ | १३२९३३६८६ | ७८४७०९३८ |
| १०० प्रतिशत | १४ प्रतिशत | २० प्रतिशत | ६६ प्रतिशत | ३९ प्रतिशत |

६. **खरिद योजना —** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम सार्वजनिक निकायले तोकिए बमोजिम खरिदको गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सो अनुरुप खरिद योजना तयार नगरी रु.२०२२१६६८३ खर्च गरेको छ। अतः ऐन तथा नियमावलीमा तोकिए बमोजिम गुरु योजना तथा वार्षिक खरिद योजना बनाउने र सो बमोजिम खरिद व्यवस्थापन गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

७. **खरिद सम्झौता —** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार प्रथम चौमासिक अवधिमा ठेक्का सम्झौता गर्नुपर्ने स्पष्ट व्यवस्था भएकोमा देहाय अनुसार तेश्रो चौमासिकमा २७६ वटा कामको रु. १०१५१२२५६ को ठेक्का सम्झौता गरेको र अषाढमा समेत १२६ वटा कामको रु.४०३४०४४७ खर्च गरेको पाइयो। कानूनमा उल्लेखित व्यवस्थाको पालना भएको नदेखिएकोले कानूनमा उल्लेखित व्यवस्थाको पालना गर्नेतर्फ गाँउपालिका व्यवस्थापन विशेष सर्तक रहनु पर्दछ । रु. हजारमा

| खरिद सम्झौता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको मात्र | |
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| ४०० | १७५७२९ | १५ | २७७३६ | १०९ | ४६४०० | २७६ | १०१५१२ | १२६ | ४०३४० |

८. **आन्तरिक ऋण —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाउँपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पुँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ ।यस गाउँपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।

९. **योजना छनौट —** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्नेछ व्यवस्था रहेको छ। तर पालिकाले २५४ वटा सानो प्रकृतिका रु. ५००००० भन्दा घटीका आयोजनाहरु अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर रु. ५४०८८००० को छनौट तथा कार्यान्वयन गरेको देखियो। साना साना योजना वडावाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यकालीन तथा दीर्घकालीन योजना वनाइ मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

| | | |
|---|---|---|
| १०. | **उपभोक्ता समितिको श्रेस्ता अनुगमन** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उल्लेख भए बमोजिम कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरिवेक्षण गर्ने र अन्तिम मूल्यांकन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था छ। उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन। उपभोक्ता समिति मार्फत भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन। उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेको समेत देखिएन। उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ । | |
| ११. | **नक्सा पास** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तर यो वर्ष गाउँपालिकामा नक्सा पास सम्बन्धि काम कारबाही भएको छैन। त्यसैले तोके बमोजिम संरचना निर्माण गर्नु पूर्व गाउँपालिकाबाट नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ । | |
| १२. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ९७ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत सहित १७ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १३. | **स्थानीय तथ्यांक र अभिलेख** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्यांक सम्बन्धि नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ। तथ्यांक बेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १४. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा ट्रान्सफर गरेको छैन । | |
| १५. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ४ वटा नियमावली, लगायत २८ जटा कानून निर्माण गरी कार्यान्वयनमा | |

<table>
<tr><td></td><td>ल्याएको छ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>नाफामूलक संस्थालाई अनुदान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। तर पालिकाले देहायको नाफामुलक संस्थाहरुलाई विभिन्न प्रयोजनको लागी अनुदान उपलब्ध गराएको अनियमित देखिएको रु.
<table>
<tr><th>भौ. नं. र मिति</th><th>संस्थाको नाम</th><th>रकम</th></tr>
<tr><td>१२९।०७७।१।३०<br>समानिकरण पुँजीगत</td><td>पौवा लघु उद्यमी बचत तथा ऋण सहकारी संस्था लि</td><td>१००००००</td></tr>
<tr><td>३५७।०७७।३।२४<br>समानिकरण पुँजीगत</td><td>महाभारत जडिबुटी सहकारी संस्था लिमिटेड</td><td>११०००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२१०००००</td></tr>
</table></td><td>२१०००००</td></tr>
<tr><td>१७.</td><td>न्यायिक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष थप ७ विवाद दर्ता भएकोमा ६ वटा मात्र फछ्र्योट भई १ वटा बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>१८.</td><td>व्यवसाय कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन गरेको देखिएन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>राजश्व कारोबारको लेखा — आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०३ र १०८ प्रयोग नगरी आम्दानी गरेको छ। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०३ र म.ले.प.फा.नं. १०८ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ। साथै असुली रकम असुल भएको भोलिपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो। असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ। आम्दानी जस्तो संवेदनशील विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२०.</td><td>सेवा प्रवाह - गाँउपालिकाले पेश गरेको सेवा प्रवाह सम्वन्धि विवरण देहाय अनुसार रहेको छ
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>सेवा प्राप्तिका लागि निवेदन संख्या</th><th>सिफारिस संख्या</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>९७२</td><td>९७२</td></tr>
<tr><td>२</td><td>घरबाटो सिफारिस</td><td>४८७</td><td>४८७</td></tr>
<tr><td>३</td><td>नाता □प्रमाणित</td><td>५५४</td><td>५५४</td></tr>
<tr><td>४</td><td>जन्म, मृत्यु दर्ता</td><td>२३०५</td><td>२३०५</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ५ | अन्य | ० | ० |
| ६ | | ४३१८ | ४३१८ |

**आन्तरिक राजश्व**

२१. **आम्दानी एकिन नभएको** - स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ७२(२) मा गाउँपलिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्यय वर्गिकरण तथा खर्च व्यवस्था अवलम्वन गर्नुपर्ने उल्लेख छ ।यसवर्ष गाउँपालिकाले आन्तरिक आय रु.२१७३१५५ प्राप्त गरेको देखाएको छ ।आम्दानीका शिर्षकहरु वर्गिकरण गरी कोष खातामा वडाको आम्दानी जनाई हिसाव राखेको छ।तर कार्यालयले पेश गरेको रसिद नियन्त्रण खाता अनुसार वडाले यस वर्ष बुझेको मालपोत तथा नगदी रसिदमा उल्लेखित नम्वर भन्दा फरक नम्वर भएका रसिद प्रयोग गरेकोले वडागत आम्दानीको यथार्थ विवरण यकिन गर्न सकिदैन। अतःयस वर्ष वडाले प्रयोग गरेका रसिदको छानविन गरी वडावाट भएको आम्दानीको यथार्थ विवरण तयार पारी आम्दानी एकिन गर्नु पर्ने देखियो ।

२२. **पुँजीगत खर्च विधि** - पुँजीगत खर्च विधि कार्यालयवाट पेश भएको विवरण अनुसार पुँजीगत खर्च देहाय अनुसार गरेको पाइयो ।

| निर्माण कार्यमा भएको कुल खर्च | कुल खर्च मध्ये उपभोक्ता समिति मार्फत भएको रकम | निर्माण व्यवसायीबाट भएको रकम |
|---|---|---|
| २०२२१६६८३ | १८५४१६६८३ | १६८००००० |
| प्रतिशत १०० | ९२ | ८ |

कुल खर्च मध्ये ९२ प्रतिशत उपभोक्ता समितिवाट खर्च गरेकोले प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्नेतर्फ पालिकाको ध्यान पुग्नु पर्दछ ।

२३. **वन पैदावार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले सो सम्बन्धि अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन।आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ।

**कर दस्तुर तथा मु.अ. कर**

२४. **मूल्य अभिवृद्धि कर कट्टी** - १२४।०७७।१।२६ समानिकरण पुँजीगत आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ।तर पालिकाले कानुन ईन्टरप्राइजेजलाइ रु.१५४७८५ मू.अ.कर भुक्तानी गरेकोमा नियमानुसार ५० प्रतिशत रकम रु. ७७३९२ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएकोले कर समायोजन प्रमाण पेश हुनुपर्ने रु. ७७३९२

**समानीकरण चालु**

२५. **भान्छा सहायक** - गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ अनुसार गाउँपालिका अध्यक्षको लागी भान्छा सहायकको व्यवस्था गरेको देखिदैन।कार्यालयले गाउँपालिका अध्यक्षलाई भान्सा सहायकको रकम भनी रु.९८०३० भुक्तानी भएको छ।ऐनमा भएको भन्दा फरक सुविधा भुक्तानी भएको रकम अनियमित देखिएको रु. ९८०३०

| | | |
|---|---|---|
| २६. | **पदाधिकारी सुविधा-** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ दफा ३ को अनुसूचि १ अनुसार गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र कार्यपालिका सदस्य लाई सवारी साधन उपलव्ध नभएमा क्रमश १००००, १००००, ४००० र २५०० नगद पाउने व्यवस्था छ । पदाधिकारीले कार्यालयवाट मोटर साईकल प्रयोग गरेको ईन्धनको विल तथा लगसिटवाट देखियो। पदाधिकारीले कार्यालयको सवारी साधन प्रयोग गरेको र मासिक यातायात खर्च वापतको रकम समेतबुझि लिएकोले निम्नानुसारको सवारी भत्ता दोहोरो रकम असुल गर्नुपर्ने रु. | ३८४००० |

| **सि नं** | **पदाधिकारी** | **भुक्तानी** |
|---|---|---|
| १ | वडाध्यक्ष वडा नं १ | ४८००० |
| २ | वडाध्यक्ष वडा नं ३ | ४८००० |
| ३ | वडाध्यक्ष वडा नं ३ | ४८००० |
| ४ | वडाध्यक्ष वडा नं ४ | ४८००० |
| ५ | वडाध्यक्ष वडा नं ५ | ४८००० |
| ६ | वडाध्यक्ष वडा नं ६ | ४८००० |
| ७ | वडाध्यक्ष वडा नं ७ | ४८००० |
| ८ | वडाध्यक्ष वडा नं ८ | ४८००० |
| | **जम्मा** | **३८४०००** |

| | | |
|---|---|---|
| २७. | **पदाधिकारी वैठक भत्ता -** २५।२०७६।६।७ गाउँ तथा पालिकासभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ दफा ३ को अनुसूचि १ अनुसार पदाधिकारीलाई तोकिएको दर भन्दा फरक दर राखी कार्यपालिका वैठक भत्ता रकम भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १३८००५ |

| **भौ नं मिति** | **पदाधिकारीको नाम** | **भुक्तानी रकम** | **वैठक भत्ता दर** | **वैठक संख्या माइन्युट अनुसार** | **कर पछिको रकम** |
|---|---|---|---|---|---|
| २४।०७६।६।३ समानिकरण चालु | उपाध्यक्ष | ८८०० | १००० | २ | ५७८ |
| | वडाध्यक्ष ८ जना | ६४००० | १००० | २ | ४०८०० |
| | का पा सदस्य ६जना | ४८००० | १००० | २ | ३०६०० |
| | रमेश कुमार पाण्डे | ६००० | १००० | २ | ३४०० |
| | कल्पना राना | १५०० | १००० | १ | ४२५ |
| | र जन पोखरेल | ४५०० | १००० | ३ | २१७५ |
| ४३२।०७७।३।३० समानिकरण चालु | उपाध्यक ष | १२० ० | १००० | ८ | ३४०० |
| | वडाध्यक्ष | ९६००० | १०० | ८ | २७२०० |
| | का पा सदस्य | ७२००० | १००० | ८ | २०४०० |
| | रमेश कुमार पाण्डे | ९००० | १००० | ६ | २५५० |

| | | | | | |
|---|---|---|---|---|---|
| | राजन पोखरेल | ४५०० | १००० | ३ | १२७५ |
| | **जम्मा** | | | | **१३८००५** |

२८. **प्रशिक्षण भत्ता बढी भुक्तानी -** खर्च सम्बन्धि निर्देशिका, २०७३ मा सवै प्रकारको तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धि खर्चको मापदण्ड रहेको र स्थानीय तहमा आफ्नै निर्देशिका नभएको अवस्थामा यसै बमोजिम खर्च गर्नुपर्ने व्यबस्था छ। यस निर्देशिका बमोजिम पालिका स्तरमा तालिम सञ्चालन गर्दा प्रशिक्षकले प्रति सेसन कार्यपत्रवापत रु.८०० र प्रवचन वापत रु.७०० गरी जम्मा रु.१,५०० पाउने व्यबस्था रहेको छ। त्यस्तै आन्तरिक व्यक्तिले प्रशिक्षण गरे वापत अधिकृत स्तरले कार्यपत्रको मात्र रु.१००० को दरले र सहायकस्तरले रु.८०० का दरले भत्ता पाउनुपर्ने व्यवस्था छ। तर पालिकाले सञ्चालन गरेको देहायको कार्यक्रमहरुमा तोकिएको भन्दा बढी भुक्तानी असुल गर्नुपर्ने रु. ८५००

| **भौ. नं. मिति** | **विवरण** | **कक्षा सख्या** | **भुक्तानी रकम** | **कर बाहेक बढी भुक्तानी रकम** |
|---|---|---|---|---|
| ३८२ ।०७७।३।२५ | माधव सुवेदी | ३ | ४५०० | १२७५ |
| | वालकृष्ण विक | ८ | १६००० | ३४०० |
| ६।०७७।५।२५ | गुणराज श्रेष्ठ संयोजक | १ | ५००० | ३८२५ |
| जम्मा | | | | ८५०० |

२९. **बिल भरपाई पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राखुपर्ने व्यवस्था छ। तर पालिकाले देहायअनुसारको भुक्तानीमा बिल भरपाई नराखी भुक्तानी गरेकोले वास्तविक प्रमाणहरु पेश हुनुपर्ने रु. ५३६४८४

| **भौ. नं. मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| समानिकरण चालु ३८८।०७७।३।२६ | पालिकाले मनोज कुमार कार्कीलाई भुक्तानी गर्दा विल विजक भन्दा वढि रु.५३३२१ | ५३३२१ |
| ३६६।०७७।३।२६ समानिकरण पुँजीगत | अनुसूर्या हार्डवयर एण्ड सप्लायर्सलाई भुक्तानी दिएकोमा खर्च पुष्टि गर्ने प्रमाण | ४८३१६३ |
| जम्मा | | ५३६४८४ |

३०. **भुक्तानीमा कर –** ७१।०७६।७।२७ समानिकरण चालु आयकर ऐन, २०५८ को दफा ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्पेश इन्जिनियरीङ्गलाइ रु.४८९२५२ भुक्तानी गर्दा अग्रिम आयकर वापत रु.६४९५ कट्टा नगरी भुक्तानी गरेकोले कर रकम असुल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु. ६४९५

३१. **तालिम संचालक संस्थाको विजक पेश नभएको -** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले संस्था मार्फत तालिम कार्यक्रम संचालन गरेकोमा संम्वन्धित संस्थाले विजक जारी गरेको देखिएन। तसर्थ नेपाल पत्रकार महासंघलाई रु.३००००० को भुक्तानीमा १५ प्रतिशत कर रु.४५००० कट्टा गर्नुपर्नेमा रु.११८८२मात्र कट्टा गरेकोले नपुग रु.३३११८ असुल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु. ३३११८

| | | |
|---|---|---|
| | **संघ शसर्त अनुदान** | |
| ३२. | **शिक्षक दरबन्दी —** गाँउपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपूर्ति देहाय अनुसार रहेको छ । | |

| सि न | विद्यालयको नाम | शिक्षक दरवन्दी | पदपूर्ती | पदपूर्ति मध्ये करार | विद्यार्थि संख्या |
|---|---|---|---|---|---|
| १ | आ.वि. लामादि वर्रे | २ | २ | १ | ८२ |
| २ | जनता प्रा.वि.सिन्कौले | ३ | ३ | २ | ३६ |
| ३ | मा.वि. वर्रे | ११ | १० | २ | १७० |
| ४ | पन्चकन्या प्रा.वि.सानोढुङ्ग्रे | १ | १ | ० | २४ |
| ५ | सरस्वति प्रा.वि आहालडाँडा अग्राखे | ३ | ३ | १ | ७० |
| ६ | जनता आधारभूत विद्यालय रैतिमा | ५ | ५ | ० | १०६ |
| ७ | मा.वि. रातामाटे | ८ | ८ | २ | ३२५ |
| ८ | पद्मावति आ.वि साइपा | ३ | ३ | १ | ४७ |
| ९ | महाकाली प्रा.वि रत्नभञ्याङ्ग | १ | १ | १ | ५४ |
| १० | जनशक्ति प्रा.वि बर्रे | ० | ० | ० | ६४ |
| ११ | नमुनादेबि प्रा.वि मान्सिन्टार | ० | ० | ० | ३० |
| १२ | प्रा.वि ढुङ्ग्रे डुम्रे | ३ | ० | ० | ३१ |
| १३ | जनप्रेमी प्रा.वि. मझुवा बेतिनी डुम्रे | ३ | ३ | १ | २७ |
| १४ | प्रा.वि साजबोटे | ३ | ३ | १ | २१ |
| १५ | मा.वि. जल्किनी | १० | १० | ० | २४२ |
| १६ | जनता मा.वि. डुम्रे | ४ | ४ | ० | २५३ |
| १७ | आ.वि. गोगने | ३ | ३ | ० | ४८ |
| १८ | बैजनाथ बैजनी | १ | १ | १ | ३५ |
| १९ | गैहीधारा प्रा.वि बाहुनिटार | ० | ० | ० | ३३ |
| २० | आधारभूत विद्यालय केउरनी | ५ | ५ | ० | १०६ |
| २१ | ककनी प्रा वि चुलाढुङ्गा | ३ | ३ | १ | ४२ |
| २२ | जनता प्रा वि कुरकुनटार | २ | २ | ० | १०४ |
| २३ | मा वि भुमरे | ७ | ७ | ० | १२० |
| २४ | मा वि बोहोरिबोट | ६ | ६ | ० | १४३ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | मा वि नेपालटार | १४ | १४ | ० | ४०४ |
| २६ | बागेश्वरी प्रा वि गोहिया | ३ | ३ | ० | ५५ |
| २७ | पञ्चावति मा वि | १४ | १४ | १ | २८६ |
| २८ | जनपञ्च नि मा वि मौमासी | ४ | ४ | ० | ९६ |
| २९ | बालज्योति प्रा वि कुसुमबोट | ३ | ३ | ० | ३० |
| ३० | जनकल्याण मा वि रुम्जाटार | ६ | ६ | ० | १५९ |
| ३१ | जनता प्रा वि नुनथला धप्पर | ३ | ३ | ० | ६० |
| ३२ | कालिका प्रा वि डुम्रीटार | २ | २ | ० | ५३ |
| ३३ | पञ्चकन्या प्रा वि पलासे | १ | १ | ० | ५७ |
| ३४ | कपिलेश्वर प्रा वि सोलिढुङ्गा | १ | १ | ० | ७१ |
